जानकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
दुर्गौली, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

प.सं.: २०८२/०८४ (योजना तथा अनुगमन शाखा)
चलानी नं. :- ८५६

मिति: २०८२/०५/१०

**वस्तु तथा सेवाको उपभोग गर्दा उपभोक्ताहरुले ध्यान दिनु पर्ने कुराहरु**

**जनहितमा जारी सूचना :**

प्रस्तुत विषयमा उपभोक्ता संरक्षण ऐन, २०७५ र नियमावली २०७६ मा भएको व्यवस्था एवं यस गाउँपालिकाको स्थानीय बजार व्यवस्थापन तथा अनुगमन ऐन, २०८१ मा भएको व्यवस्था बमोजिम वस्तु तथा सेवा उपभोग गर्दा उपभोक्ताहरुले देहायका कुराहरुमा ध्यान दिनुहुन अनुरोध छ।

१- नियमानुसार ईजाजत प्राप्त गरेका व्यवसायीहरुसँग मात्र सामान खरिद गर्ने गरौं।
२- खरिद गरिने सामानको परिमाण, मूल्य र गुणस्तर मनासिव छ, छैन हेर्ने बानी बसालौ।
३- विक्रेताले विक्री कक्ष वा स्थानमा साइनवोर्ड, मूल्यसुची राखेको छ, छैन साथै प्याकिङ्गजन्य वस्तुमा अधिकतम खुद्रा मूल्य उल्लेख गरेको छ, छैन हेर्ने बानी बसालौ।
४- प्याकिङ्गमा त्यस्ता वस्तु उत्पादन गर्दा प्रयोग भएको कच्चा पदार्थ भण्डारण र उपभोग गर्ने तरिका, तौल, उत्पादन मिति, उपभोग्य मिति उल्लेख गरेको छ, छैन हेर्ने गरौ।
५- औषधी वा औषधीजन्य पदार्थ भए सो को प्याकिङ्गमा प्रयोग गर्ने तरिका उल्लेख गरेको छ छैन हेर्ने गरौं।
६- अखाद्य तथा उपभोग्य मिति नाघेको उपभोग्य वस्तुहरु खरिद तथा प्रयोग नगरौं।
७- उत्पादन मिति, उपभोग्य मिति, केरमेट गरेको वा पुन: लेवलिङ्ग वा छपाई गरेको वस्तु खरिद नगरौ।
८- सामान खरिद गर्दा बिल लिने गरौ।
९- अखाद्य/कमसल उपभोग्य वस्तु वा सेवाको बिक्री वितरण भएको भेटिएमा सम्वन्धित वडा कार्यालयहरु, जानकी गाउँ कार्यपालिकाको कार्यालय दुर्गौली, कैलाली वा नजिकको प्रहरी कार्यालय/ईलाका प्रशासन कार्यालय/जिल्ला प्रशासन कार्यालय/वाणिज्य, आपुर्ति तथा उपभोक्ता संरक्षण कार्यालय धनगढी,कैलाली वा नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय हेलो सरकारमा अनलाईन गुनासो/ उजुरी गरौ।

.......................
संदिप साउद
अधिकृत छैठौं
योजना तथा अनुगमन शाखा

२०८२/०५/१०
.......................
(हिरालाल चौधरी)
नि. प्रमुख प्रशासकीय अधिकृत
नि. प्रमुख प्रशासकीय अधिकृत


फोन नं. ✆ ०९१-५०००७६,०९१-५०००७७,०९१-५०००७८,०९१-५०००७९ (LEOC)
E-mail: janakiruralmun@gmail.comWebsite: janakimunkailali.gov.np
Google Plus Code :H455+W3 Durgauli